# इटहरी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

कोशी प्रदेश, नेपाल

०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९


प.स. : २०८०/८१ (प्रशासन)

च.न :

मिति : २०८०/०९/२६

## कर्मचारी तह वृद्धि सम्वन्धी सूचना ।

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम तथा संघीय लोकसेवा आयोग वा प्रदेश लोकसेवा आयोगबाट यस स्थानीय तहमा सिफारिस/समायोजन/समायोजन संशोधन भएका यस कार्यालय र यस अन्तर्गतका कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुले कोशी प्रदेशको **स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८०** बमोजिम योग्यता पुगेको भए तपसीलमा उल्लेखित कागजात सहित तोकिएको समयसीमा भित्र तह वृद्धिका निम्ति रितपूर्वक यस कार्यालयमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

### तपसील

१. स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा ४ को उपदफा ५ र दफा ८ को उपदफा १३ (स्वत : बढुवा हुने प्रयोजनार्थ :) साथै उपदफा १६ बमोजिम योग्यता पुगेका कर्मचारीहरुले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र निम्नानुसारका कागजातसहित निवेदन दिनुपर्ने :

(क) नियुक्ति पत्र

(ख) समायोजन/समायोजन संशोधन भएको पत्र वा संघीय/प्रदेश लोकसेवा आयोगको सिफारिस अनुसार भएको नियुक्ति पत्र

(ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

क्रमश :

राम चरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत (सह-सचिव)

इटहरी उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
कोशी प्रदेश, नेपाल
०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९

प.स. :

मिति :..............................

च.न :

(२)

२. स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा २७ को उपदफा १ बमोजिम योग्यता पुगेका कर्मचारीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र निम्नानुसारका कागजातसहित निवेदन दिनुपर्ने :

(क) नियुक्ति/बढुवा/तहवृद्धिको पत्र

(ख) समायोजन/समायोजन संशोधनको पत्र वा संघीय लोकसेवा आयोगको सिफारिस अनुसार भएको नियुक्ति पत्र

(ग) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

(घ) पछिल्लो ३ आर्थिक वर्षको मूल्यांकित कार्यसम्पादन मूल्यांकन फाराममध्ये यस कार्यालयमा प्राप्त नभएको अर्थात अन्यत्र कार्यालयमा कार्यरत हुँदाका बखत पेश गरेको कासमू फाराम

पुनश्च :

निवेदन पेश गर्न चाहने कर्मचारीहरुले उल्लेखित ऐन र विशेष गरी यसको दफा २, ४, ८, २७, ३१, दफा ५६ को उपदफा ३ को स्पष्टीकरण खण्ड, दफा ५७ को उपदफा १ को स्पष्टीकरण खण्डमा भएका प्रावधानहरु अध्ययन मनन् गरी निवेदन पेश गर्नुहुन समेत सूचित गरिन्छ ।

राम चरित्र मेहता
प्रमुख प्रशासकीय अधिकृत (सह-सचिव)